ITU निर्देशिका

COVID-19 को अवस्थामा अपाङ्गता भएका लगायतका सबै मानिसहरूका लागि डिजिटल सूचना, वस्तु तथा सेवाहरूको पहुँच कसरी सुनिश्चित गर्ने भन्ने सम्बन्धमा [i]

विश्वले एकअर्कासँग सञ्चार गर्न लगभग ICTs (सूचना, सञ्चार तथा प्रविधिहरू) बाट मात्र सम्भव रहेको अभूतपूर्व अनुभवको सामना गरिरहेको छ । मानव जातिले बाँच्नको लागि महत्वपूर्ण सूचना वा अत्यावश्यक वस्तु तथा सेवाहरूको लागि यस्तो डिजिटल निर्भरताको सामना पहिले कहिल्यै गरेको थिएन । तसर्थ COVID-19 विश्व महामारीको समयमा हाम्रो लिङ्ग, क्षमता, उमेर वा अवस्थिति जेसुकै भए पनि सम्पूर्ण मानिसहरूमा सूचना तथा निर्देशनहरूको पहुँच पुर्याउनु अति महत्वपूर्ण छ ।

यसै कारण COVID-19 सम्बन्धी महत्वपूर्ण डिजिटल सूचना पढ्न र बुझ्नको लागि स्क्रिन रिडर, क्याप्सनिंग वा सांकेतिक भाषा जस्ता वैकल्पिक समाधानहरू आवश्यक पर्ने विशेषगरी दृष्टिबिहीन वा बहिरा जस्ता अपाङ्गता भएका लगायत कसैलाई नछुटाई ति सूचना सम्पूर्ण मानिसहरूसम्म पुर्याउन तिनलाई पहुँचयोग्य ढाँचाहरूमा[1] वितरण तथा उपलब्ध गराउनु आवश्यक छ । अन्यथा यस विश्व महामारीको समयमा विचार र सम्मान गर्नुपर्ने सूचनासम्बन्धी उपायहरूको अभावमा अपाङ्गता भएका धेरै मानिसहरूले सम्पर्क प्रभावको उच्च जोखिमको सामना गर्नुपर्नेछ ।

त्यसैले सहज भाषा, पढ्न सजिला र सुलभ ढाँचाहरू प्रदान गर्नुका साथसाथै पहुँचयोग्य वेवसाइटहरू, फोन, रेडियो, भिडियो, लिफलेट, क्याप्सनिंग, च्याट आदि जस्ता सञ्चारका बहुपद्धतिहरूको प्रयोग गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ । विश्व महामारीको असर र फैलावट न्यूनीकरण गर्न जनस्वास्थ्यसम्बन्धी सूचनाको पहुँच (बहिरा र श्रवन क्षमता नभएका

---

[1] पहुँच गर्न सजिलो डिजिटल सामग्री कसरी बनाउने भन्नेसम्बन्धी ITU भिडियो ट्यूटोरियल

निम्न लिंकहरूमा आईसीटी पहुँचका नि:शुल्क प्रशिक्षण कोर्सहरू अनलाइन उपलब्ध छन् :

- *आईसीटी पहुँच - समावेशी संचारको बाटो*
- ***वेब पहुँच - समावेशी डिजिटल समाजको आधारशिला***

मानिसहरूको लागि रिले सेवाहरू लगायत) सुनिश्चित गर्न लक्षित प्रभावकारी चेतनामुलक हेल्पलाइनहरुको उपलब्धता अत्यावश्यक हुन्छ ।

अपाङ्गता भएका धेरै व्यक्तिहरू औषधि, सरसफाइजन्य सामानहरू एवं खाना जस्ता अत्यावश्यक सामग्रीका लागि नियमित होम डेलिभरीमा निर्भर गर्दछन् । त्यसैले सामाजिक दूरी र छुट्याईएका सहायक नेटवर्कहरूको प्रतिकुल प्रभावको अतिरिक्त यदि खुद्रा व्यापारी, स्वास्थ्य सेवा एवं सामग्री प्रदायकहरू र अन्य महत्वपूर्ण संस्थाहरुले उनीहरूको सूचना, सेवा र सामानहरूको अनलाइन पहुँच सुनिश्चित नगरे महत्वपूर्ण सूचना, औषधि उपचार तथा अन्य अत्यावश्यक वस्तु तथा सेवाहरूको अभावमा अपाङ्गता भएका धेरै मानिसहरूलाई समस्या हुने मात्र नभई उनीहरूको जीवन नै जोखिमा पर्न सक्छ ।

विश्व महामारी COVID-19 को यस घडीमा ICTs को भूमिका मुख्य रहेको भएता पनि अपाङ्गता भएका व्यक्तिहरू लगायत कसैलाई नछुटाई सम्पूर्ण मानिसहरू माझ डिजिटल सूचना, वस्तु तथा सेवाहरूको पहुँच विश्वव्यापी रुपमा वितरण हुन्छ भन्ने कुरा सुनिश्चित गर्न महत्वपूर्ण सन्देस तथा कार्यहरू समावेश गरिएका निर्देशनहरु तल दिईएका छन् ।

मुख्य सन्देस र कार्यहरू

1. COVID-19 को संक्रमण कम गर्न सहयोगी डिजिटल सूचना, सेवा एवं आवश्यकताहरू र यो महत्वपूर्ण सूचनाको पहुँच अपाङ्गता भएका लगायत सम्पूर्ण मानिसहरूमा प्रदान गरिने कुरा सुनिश्चित गर्नुहोस् :

COVID-19 सम्बन्धी सामग्री तथा सूचना पहुँचयोग्य त्यस्ता ढाँचाहरूमा वितरण गरिनुपर्छ ताकि तिनलाई अपाङ्गता भएका लगायत सबै मानिसहरूले सजिलै बुझ्न सकून् । उदाहरणको लागि, सार्वजनिक टेलिभिजन विज्ञापनहरू, अनलाइन भिडियोहरू र अडियोमा मात्र आधारित वेबकास्टहरू सबटाइटल वा सांकेतिक दोभाषे सेवामा उपलब्ध नभएसम्म बहिराहरूको लागि पहुँचयोग्य हुँदैनन् । कुनै अन्य आपतकालीन अवस्थामा परम्परागत मिडियाहरू (टिभी र रेडियो) बाहेक आईसीटीमा विश्वमा अपाङ्गता भएका मानिसहरूलाई अफ्ठ्यारो परिस्थितिमा सञ्चार गर्न सहयोग पुर्याउन सक्ने विभिन्न संयन्त्रहरू समावेश छन् जस्तै ल्यान्डलाईन, मोबाइल अडियो, एसएमएस / सन्देशहरू र इन्टरनेटमा आधारित सेवा तथा स्रोतहरू जस्तै वेबसाइटहरू, भिडियो, इन्स्ट्यान्ट मेसेजिंग एपहरू, इन्टरनेट प्रोटोकल (आईपी) भ्वाइस सेवाहरू, तत्काल सञ्चार गर्न र

डिजिटल सामग्रीको आदानप्रदान (तस्विर, भिडियो र कागजातहरू) गर्न मिल्ने तथा स्याटेलाइट संचार ।

2. अपाङ्गता भएका लगायत सबै मानिसहरूले डिजिटल सूचना र सेवाहरूको पहुँच गर्न, बुझ्न र प्रयोग गर्न सक्दछन् भन्ने कुरा सुनिश्चित गर्न निम्न पक्षहरूलाई ध्यान दिन आवश्यक छ :

a. **सार्वजनिक सूचना** रेल्वे प्लेटफर्म, खुद्रा स्टोर, पार्क जस्ता सार्वजनिक स्थलहरूमा विद्युतीय डिस्प्ले स्क्रिनहरूमार्फत श्रव्य-दृश्य ढाँचामा वितरण गरिने सार्वजनिक सूचना आईसीटी उपकरणहरूको[2] पहुँच नपुगेका मानिसहरूसम्म पुग्नसक्छ । सम्भव भएमा टेक्स्टका अतिरिक्त ग्राफिक्स र तस्बिरहरू प्रदर्शन गरिनुपर्दछ। खतराको प्रकृति र स्तर दर्शाउन आपतकालीन स्थितिको बेलामा प्रयोग गरिएको साइरन र / वा ध्वनी अलार्मको साथमा फ्ल्याशिंग लाइट पनि जडान गरिनु पर्दछ ।[3] सार्वजनिक ठेगाना प्रणालीमार्फत वितरण गरिने सूचना एवं जानकारीहरू डिजिटल दृश्य विकल्पहरूको माध्यमबाट पनि प्रदान गरिनु पर्छ ।[4]

b. **रेडियो** बहिरा वा कम कान सुन्ने मानिसहरूमा रेडियोको प्रयोगलाई सक्षम तुल्याउन तिनमा अनुलग्नक वा विशेष सुविधाहरूको प्रयोग गर्न सकिन्छ । उदाहरणको लागि, COVID-19 सम्बन्धी वा संक्रमणलाई रोक्न सरकारले लागु गरेका उपायहरूका बारेमा सुन्न नसक्ने मानिसहरूलाई अलर्ट गर्न प्रशारणमा भाइब्रेसन, फ्ल्यास लाइट तथा साधारण टेक्स्टहरूसहितका उपकरणहरू। अनलाइन रेडियो लाइभ वा पोडकास्टहरूमा सामग्रीको ट्रान्सक्रिप्शन समावेश हुनुपर्छ ।[5]

c. **टेलिभिजन :** सुन्न नसक्ने वा भाषिक कठिनाई हुने मानिसहरुको लागि COVID-19 सम्बन्धी अडियो डकुमेन्टरीहरूलाई पहुँचयोग्य बनाउन स्थानीय भाषाहरूमा क्लोज्ड क्याप्शनिङ्ग / सबटाइटलहरू राखेर प्रदान गरिनुपर्दछ । यसका अतिरिक्त

---

[2]* स्कटल्याण्ड यातायात तथा यातायात विभाग । सुलभ रेलवे स्टेशनहरूको डिजाइन स्ट्याण्डर्ड - अभ्यासको संयुक्त नीति, पृष्ठ 109, K7। संकेत - डिस्प्ले स्क्रिन।

[3]*अमेरिकी एक्सेस् बोर्ड । 702 आपतकालिन अलार्म प्रणालीहरू

[4]* स्कटल्याण्ड यातायात तथा यातायात विभाग । सुलभ रेलवे स्टेशनहरूको डिजाइन स्ट्याण्डर्ड - अभ्यासको संयुक्त नीति, पृष्ठ 115, L1। घोषणाहरू - सामान्य।

[5]*अपाङ्गतासम्बन्धी राष्ट्रिय परिषद अपाङ्गता भएका मानिसहरूका लागि प्रभावकारी संचार : आपतकालिन अवस्थाभन्दा अघि, समयमा र पछि"। पृष्ठ 45 : पहुँचसम्बन्धी समाधानहरू, पृष्ठ 104: तालिका 9 । अलर्टहरू प्राप्त गर्ने र प्रमाणीकरण गर्ने विधिहरू; पृष्ठ 148 : उदियमान अभ्यास : क्याप्शन्ड रेडियो

टेलिभिजनमा महामारीको स्थितिको बारेमा जानकारी उपलब्ध गराउँदा सांकेतिक दोभाषेहरूको प्रयोग गर्नुपर्छ ।[6]

d. **एसएमएस् :** यदि सूचना एसएमएसको रूपमा मात्र पठाइएको छ भने दृश्य बाहेकका इनपुटहरू चाहिने तथा टेक्स्टलाई अडियो जस्तो अन्य ढाँचामा बदल्न नसक्ने सुविधायुक्त उपकरणहरूको पहुँच नभएका मानिसहरु समेटिन्नन् । तसर्थ, COVID-19 र महामारीजन्य उपायहरूसम्बन्धी चेतावनी तथा सूचनाहरू पनि विभिन्न प्रसार माध्यमहरू तथा बहुविधि ढाँचामा प्रसारण गरिनु पर्दछ । सन्देसहरूमा संलग्न सबै तस्बिरहरूले वैकल्पिक वर्णन समावेश गर्नुपर्दछ ।

e. **व्हाट्सएप** पहुँचयोग्य छ र यसमा टकब्याक र भोइस ओभर पनि चल्छ । सिरीले व्हाट्सएपका सन्देसहरू पढ्छ र नयाँ फोनहरूमा यसले सन्देसहरू पनि पढ्न सक्छ । व्हाट्सएप प्रयोग गर्दा इमोजीहरूको प्रयोग नगर्नुहोस् ।

f. **इ-मेल**मा COVID-19 सम्बन्धी सूचनाहरू बहुभाषामा सक्षम गरेर राख्नुपर्दछ । विभिन्न उपकरणहरुमा निर्वाध चल्न र प्रयोगकर्ताको सहयोगी प्रणालीसहित संचालन हुनको लागि सफ्टवेयरको डिजाइन पहुँच निर्देशन अनुरुप गरिनुपर्दछ । पप-अप् सन्देसहरू टेक्स्ट र अडियो बिपका अतिरिक्त अन्य ढाँचाहरूमा पनि डेलिभर गर्न सकिन्छ भन्ने केही डेक्सटप अलर्ट प्रणालीहरुले सुनिश्चित गर्न सक्छन् ।
टेक्स्ट बुझ्न कठिनाई हुने मानिसहरूका लागि COVID-19 सम्बन्धी जानकारीहरुलाई ग्राफिकको प्रयोग गरेर मद्दत गर्न सकिन्छ । सबै तस्बिरहरूले वैकल्पिक वर्णन समावेश गर्नुपर्दछ ।[7]

g. **सामाजिक सञ्जालहरू :** अति लोकप्रिय सामाजिक मिडिया सञ्जालका नयाँ संस्करणहरू तिब्ररुपमा सुलभ हुँदै गइरहेका छन् । यसको अर्थ फेसबुक, इन्स्टाग्राम, ट्वीटर, यूट्यूबले पहुँच सुविधाहरू प्रदान गर्दछन् । आफ्नो प्लेटफर्ममा COVID-19 तथा विश्व महामारीसम्बन्धी महत्वपूर्ण सूचना प्रकासन गर्ने मेडिकल तथा सूचना

---

[6]*अपाङ्गतासम्बन्धी राष्ट्रिय परिषद "अपाङ्गता भएका मानिसहरूका लागि प्रभावकारी संचार: आपतकाल भन्दा अघि, सो समयमा र पछि"। पृष्ठ 45 : पहुँचसम्बन्धी समाधानहरू, पृष्ठ 104: तालिका 9 । सतर्कताहरू प्राप्त गर्ने र प्रमाणीकरण गर्ने विधिहरू

[7]*माइक्रोसफ्ट : तपाईंको आउटलुक ईमेल अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य बनाउनुहोस्

एजेन्सीहरूले उक्त डिजिटल सामग्रीका सन्देसहरू सबैको पहुँचमा पुग्नसक्ने छन् भन्ने कुरा जान्न आवश्यक छ ।[8]

h. **वेबसाइटहरू** COVID-19 को विश्व / क्षेत्रीय / राष्ट्रियस्तरमा संक्रमण न्यूनीकरण गर्ने तथा सोसम्बन्धी सूचना प्रदान गर्ने वेबसाइटहरूको सुलभताको[9] जाँच गरिनु पर्दछ ताकि ति वेबसाइटमा दिईएका महत्वपूर्ण सूचना प्राप्त गर्न अपाङ्गता भएका मानिसहरुले कुनै समस्याको सामना गर्नु पर्दैन भन्ने सुनिश्चित गर्न सकियोस् । वेबसाइटमार्फत प्रदान गरिएका सबै सम्बन्धित डिजिटल कागजातहरू (word, PDF) यदि JPEG फाइल वा पहुँच गर्न नसकिने तस्बिरमा आधारित पिडिएफ (जस्तै स्क्यान गरिएका तस्बिरहरू) जस्ता स्क्रिन पाठकहरुले पढ्न नसक्ने भएमा उपयोग गर्न नसकिने हुन्छन् ।
अर्कोतर्फ बौद्धिक अपाङ्गता भएका वा फरक भाषा भएका मानिसहरुका लागि सामग्रीहरुको तस्बिर र ग्राफिकहरू बनाएर प्रस्तुत गर्दा थप प्रभावकारी हुन्छ । यद्यपी आवाज वा ब्रेल डिस्प्लेयुक्त स्क्रिन भएको पढ्ने सफ्टवेयर प्रयोग गर्ने दृष्टिविहीनहरुले उक्त सूचना प्राप्त गर्न र बुझ्न सकून् भनी तिनलाई पाठ्य जानकारीसहित राख्नुपर्दछ । बाह्य वेबसाइटका लिंकहरू वर्णनात्मक हुनुपर्दछ । माउस प्रयोग नगर्ने व्यक्तिका लागि वेबसाइटको प्रत्येक तत्वको पहुँच किबोर्डबाट नै प्राप्त गर्न सकिने हुनुपर्छ ।[10]

विशेष आवश्यकता भएका मानिसहरूलाई डिजिटल समावेशीकरणमा सहयोग गर्ने अतिरिक्त ITU स्रोत र जानकारीको लागि कृपया यहाँ हेर्नुहोस् : विशेष आवश्यकता भएका मानिसहरू आईसीटीको पहुँच र ITU-D डिजिटल समावेशीकरण

---

[8]*संयुक्त अधिराज्य सरकार डिजिटल सेवा । सामाजिक मिडिया प्लेबुक - पहुँच

[9]*WCAG 2.1 भएको वेब सामग्री पहुँच सुनिश्चित गर्ने मापदण्ड

[10]*W3C वेब पहुँच पहल ट्यूटोरियलहरू

* **ITU स्रोत होईन :** *यी साइटहरूमा भएका सबै जानकारीहरू असल विश्वास र नियतकासाथ प्रदान गरिएका छन् यद्यपि हामी यी बाह्य साइटहरूद्वारा प्रदान गरिएका सूचनाहरुको शुद्धता, पर्याप्तता, वैधता, विश्वसनीयता, उपलब्धता वा पूर्णताको सम्बन्धमा कुनै प्रतिनिधित्व, प्रचार वा कुनै पनि प्रकारको वारेन्टी गर्दैनौं ।*

[i] ***यी दिशानिर्देशहरू अपूर्ण छन्***

अनुवाद अस्वीकृति: "COVID-19 को अवस्थामा अपाङ्गता भएका लगायतका सबै मानिसहरूका लागि डिजिटल सूचना, वस्तु तथा सेवाहरूको पहुँच कसरी सुनिश्चित गर्ने भन्ने "ITU संक्षिप्त निर्देशिकाको सही अनुवाद प्रदान गर्ने प्रयासहरू मूल बाहेकका अन्य 6 UN भाषाहरूमा उपलब्ध छन् : अंग्रेजी, अरबी, चीनियाँ, फ्रेन्च, रुसी, स्पेनिश पाठमा भएको प्राविधिक भाषाका कारण केही फरक पर्न सक्छ । कुनै त्रुटि, भूलचूक, पाठको शुद्धतामा अस्पष्टता वा अनुदित सूचनाको विश्वसनीयतामा कुनै समस्या भए त्यसको जिम्मेवारी लिईने छैन । केही अन्तर परेमा अंग्रेजी मूल संस्करणहरूलाई नै बैध र मुख्य मानिनेछ ।